नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११

प सं:

च नं:

मितिः २०७५।१०।२५

विषयः नेपाल स्वास्थ्य सेवाको सहायक पदमा नियुक्त भई हाल कार्यरत कर्मचारीहरूको विवरण प्रकाशित गरिएको सम्वन्धमा।

कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन प्रयोजनार्थ मिति २०७५ पौष १२ गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुसार माघ २ गतेसम्म अनलाइनबाट आफ्नो रोजाइको प्राथमिकता छनौट गर्ने कार्य सम्पन भई सकेको छ ।उक्त अध्यादेशको दफा ८ मा तोकिएका आधारहरूमा कमचारी समायोजन गर्नका लागि निजामती किताबखानामा रहेको विवरणलाई अध्यावधिक गराउन पटक पटक सूचना प्रकाशन गरिएकोमा हालसम्म अध्यावधिक भएको विवरण तपशील बमोजिम सार्वजनिक गरिएको छ । उक्त विवरणमा समेत आफ्नो विवरण अध्यावधिक नभई समायोजन प्रकृयामा ज्येष्ठता निर्धारणमा असर पर्ने देखिएमा फरक पर्न गएको विवरण सच्याउनको लागि पुष्टि गर्ने प्रमाणित कागजात सहित ५(पाँच) दिनभित्र राष्ट्रिय किताबखाना (निजामती किताबखाना) सम्पर्क गरी आफ्नो विवरण सच्चाउन सम्वन्धित सबैलाई जानकारी गराईएको छ । राष्ट्रिय किताबखानावाट प्राप्त अध्यावधिक विवरणको आधारमा अन्तिम जेष्ठता विवरण कायम गरी समायोजन कार्य गरिनेछ । समायोजन गर्दा राष्ट्रिय किताबखानाको विवरणलाई नै ज्येष्ठताको आधार मानिने भएकाले तोकिएको समायावधि भित्र विवरण अध्यावधिक नगराएको कारणबाट ज्येष्ठता फरक परेमा स्वयं कर्मचारी जिम्मेवार हुने व्यहोरा जानकारी गराइछ ।

**प्रकाशित विवरणमा कुन कुन विवरण फरक परेमा सम्पर्क गर्ने ?**

- हालको सेवा, समहू, उपसमहू, तह तथा कार्यरत कार्यालय फरक परेमा वा आफ्नो नाम सम्बधित सेवा, समहूको सूचीमा उल्लेख नभएमा ।
- हालको पदमा ज्येष्ठता लागु हुने नियुक्ति मिति फरक परेमा ।
- हालको पद भन्दा एक तह मुनिको पदको ज्येष्ठता मिति फरक परेमा ।
- अन्य कमचारीको विवरणमा त्रुटि भएको कारण आफुलाई असर पर्न भएमा ।

**बोधार्थ :**

सूचना तथा प्रविधि शाखा, : वेवसाईडमा अपलोडको लागि ।